नेपाल सरकार

# अर्थ मन्त्रालय

(प्रशासन महाशाखा)

पत्र संख्याः- २०८०/८१
च. नं.:- ९२२०

सिंहदरबार, काठमाडौं
नेपाल ।
मितिः २०८०।१०।०३

विषयः- सेवाकालिन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर।
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको च.नं. ३१६।०८०।८१, मिति २०८०/१०/०२ को संलग्न पत्रबाट अनुरोध भई आए बमोजिम केन्द्रबाट नेपाल प्रशासन सेवा, (राजस्व/लेखा समूह) र लेखापरीक्षण सेवाका राजपत्राङ्कित द्वितिय श्रेणी, उपसचिव वा सो सरहका अधिकृतहरुका लागि मिति २०८०।१०।१४ गतेदेखि ३२ (बत्तीस) कार्य दिने सेवाकालिन प्रशिक्षण/तालिम सञ्चालन गर्ने हुँदा उक्त प्रशिक्षण/तालिम कार्यक्रममा सहभागिताका लागि तहाँ आयोग/कार्यालय/विभाग र अन्तर्गत निकायमा कार्यरत ईच्छुक कर्मचारीहरूको नामावली देहायको ढाँचामा तयार गरी यथाशिघ्र (Excel softcopy Emai: admindivision@mof.gov.np मा समेत) आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध छ।

देहायः-

| SN | PIS_NO. | Full Name in English | पुरा नाम देवानगरीमा | Working Office | Working District | हालको श्रेणीमा नियुक्ति मिति | एक तह मुनिको श्रेणीमा नियुक्ति मिति | Mobile No. | Email |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

२०८०।१०।०२
(युक्त प्रसाद सुवेदी)
शाखा अधिकृत

बोधार्थः-

श्री सूचना प्रविधि शाखा, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, वेवसाइटमा सूचना प्रकाशित गरिदिनुहुन।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२११११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
हरिहरभवन, ललितपुर

फोन नं.: ५०१०३०४
५०१०३०६
फ्याक्स: ५०१०३०३
इमेल: info@pfmtc.gov.np

प.सं. २०८०/०८१
च.नं. ३१६

मिति:- २०८०/१०/०२

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
हरिहरभवन, ललितपुर

विषय: सेवाकालीन तालिममा प्रशिक्षार्थी मनोनयन गरी पठाइदिने सम्बन्धमा।

श्री अर्थ मन्त्रालय
प्रशासन महाशाखा
सिंहदरबार, काठमाडौं ।

यस तालिम केन्द्रको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी राजपत्रांकित द्वितिय श्रेणी, उपसचिवस्तरीय (राजस्व र लेखा समूह र लेखापरीक्षण सेवा) सेवाकालीन तालिम कार्यक्रम मिति २०८०/१०/१४ देखि २०८०/११/२४ गतेसम्म (३२ कार्यदिन) भौतिक रुपमा सञ्चालन हुने भएकोले उक्त सेवाकालीन तालिममा तहाँ मन्त्रालय र अन्तर्गत विभाग/कार्यालय तथा अन्य निकायमा कार्यरत नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्रांकित द्वितिय श्रेणीका अधिकृत कर्मचारीहरुमध्ये १२ जना मनोनयन गरी मिति २०८०/१०/१० गतेसम्ममा यस तालिम केन्द्रमा प्राप्त हुने गरी नामावली पठाइदिनुहुन मिति २०८०/०९/२९ को निर्णयानुसार अनुरोध छ। उक्त तालिम कार्यक्रममा मनोनयन हुने मुख्य उम्मेदवार एवं वैकल्पिक उम्मेदवारहरुको देहाय बमोजिमको विवरण (Soft Copy) समेत पठाइदिनुहुन अनुरोध छ।

तालिम कार्यक्रम सम्बन्धी विवरण:

१. तालिम सञ्चालन हुने स्थान: सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर
२. तालिम सञ्चालन हुने अवधि: २०८०/१०/१४ देखि २०८०/११/२४ गते सम्म
३. तालिम सञ्चालन हुने समय: बिहान ०८:०० देखि १:४० बजे सम्म
४. सहभागी संख्या: ३० जना

प्रशिक्षार्थी मनोनयनको विवरण:

| सि.नं. | पद | श्रेणी | प्रशिक्षार्थीको नाम | | कर्मचारी संकेत नं. | इमेल | मोबाइल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपालीमा | अंग्रजीमा | | | | |
| | | | | | | | | मुख्य/वैकल्पिक उम्मेदवार |

(डिल्ली राज लेखक) २०/२
वरिष्ठ प्रशिक्षक